
# देशको वर्तमान आर्थिक स्थिति

*(आर्थिक वर्ष २०६७/६८ को वार्षिक तथ्याङ्कमा आधारित)*

## वास्तविक क्षेत्र

### कुल गार्हस्थ उत्पादन

१. आर्थिक वर्ष २०६७/६८ को पहिलो तीनदेखि सात महिनासम्मको उपलब्ध तथ्याङ्कमा आधारित केन्द्रीय तथ्याङ्क विभागको प्रारम्भिक अनुमान अनुसार देशको कुल गार्हस्थ्य उत्पादन वृद्धिदर आधारभूत मूल्य (Basic price) मा समिक्षा वर्षमा अघिल्लो आर्थिक वर्षको ३.९७ प्रतिशतको तुलनामा ३.४७ प्रतिशत रहेको अनुमान छ। उत्पादकको मूल्य (Producers' price) मा कुल गार्हस्थ्य उत्पादन वृद्धिदर अघिल्लो वर्षको ४.५५ प्रतिशतको तुलनामा समीक्षा वर्षमा ३.४८ प्रतिशत रहेको अनुमान छ।





२. आर्थिक वर्ष २०६७/६८ मा कृषि क्षेत्रको उत्पादन ४.११ प्रतिशत र गैर-कृषि क्षेत्रको उत्पादन ३.०९ प्रतिशतले वृद्धि भएको अनुमान छ। अघिल्लो वर्ष कृषि र गैर-कृषि क्षेत्रको वृद्धिदर क्रमशः १.२७ प्रतिशत र ५.३९ प्रतिशत रहेको थियो।

३. आर्थिक वर्ष २०६७/६८ मा कृषि क्षेत्र अन्तर्गत प्रमुख खाद्यान्न बालीहरुमध्ये धान तथा मकैको उत्पादन क्रमशः १०.८३ प्रतिशत र ११.४३ प्रतिशतले वृद्धि भएको अनुमान छ। मौसमी अनुकूलता लगायत मकै बालीले ढाकेको क्षेत्रफलमा विस्तार भएकोले समीक्षा वर्षमा यी बालीहरुको उत्पादनमा वृद्धि भएको हो। अघिल्लो आर्थिक वर्ष उपरोक्त बालीहरुको उत्पादनमा क्रमशः ११.० प्रतिशत र ३.९ प्रतिशतले ह्रास आएको थियो। समीक्षा वर्षमा तरकारी, फलफूल, मासु र दूधको उत्पादनमा क्रमशः ६.६७ प्रतिशत, २.८४ प्रतिशत, १०.५७ प्रतिशत र ३.९५ प्रतिशतले वृद्धि भएको अनुमान कृषि तथा सहकारी मन्त्रालयले गरेको छ।

### उपभोग, बचत तथा लगानी

४. अघिल्लो आर्थिक वर्ष कुल गार्हस्थ्य उत्पादनमा कुल उपभोगको अंश ९२.६१ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०६७/६८ मा सीमान्त वृद्धि भई ९३.३४ प्रतिशत पुगेको अनुमान छ। जसअनुसार कुल गार्हस्थ्य उत्पादनमा बचतको अंश ६.६६ प्रतिशत मात्र रहेको छ। त्यसैगरी, कुल गार्हस्थ्य उत्पादनको अनुपातमा कुल लगानी अघिल्लो आर्थिक वर्षको ३५.०५ प्रतिशतको तुलनामा समीक्षा वर्षमा ३०.२१ प्रतिशत रहको छ।



## कुल राष्ट्रिय खर्चयोग्य आय

५. समीक्षा वर्षमा कुल राष्ट्रिय आयमा खुद ट्रान्सफर समावेश गरिएको कुल राष्ट्रिय खर्च योग्य आय (Gross National Disposable Income) को वृद्धिदर अघिल्लो आर्थिक वर्षको १७.१६ प्रतिशतको तुलनामा १४.३४ प्रतिशत रहने अनुमान छ। कुल खर्चयोग्य आय र कुल गार्हस्थ्य उत्पादन (उत्पादकको मूल्यमा) को अनुपात अघिल्लो आर्थिक वर्षको १२४.९ प्रतिशतको तुलनामा समीक्षा वर्षमा १२४.३ प्रतिशत रहेको छ।

## पर्यटक आगमन

६. अघिल्लो वर्ष हवाई मार्गबाट ४ लाख ११ हजार ५८४ पर्यटकले नेपाल भ्रमण गरेकोमा आर्थिक वर्ष २०६७/६८ मा यो संख्या २१.६६ प्रतिशतले वृद्धि भई ५ लाख ७५० पुगेको छ, जसमध्ये भारतीय पर्यटक २६.१० प्रतिशत तथा तेस्रो मुलुकबाट आउने पर्यटक ७३.९० प्रतिशत रहेका छन्।

७. पर्यटकको आगमनलाई देशगत रुपमा विश्लेषण गर्दा भारतीय पर्यटकको संख्या अघिल्लो वर्षको ३.७६ प्रतिशतको तुलनामा समीक्षा वर्षमा ४३.४६ प्रतिशतले वृद्धि भई १ लाख ३० हजार ७१७ पुगेको छ। यसैगरी तेस्रो मुलुकबाट आउने पर्यटकको संख्या अघिल्लो आर्थिक वर्षको १५.६९ प्रतिशत वृद्धिको तुलनामा समीक्षा वर्षमा १५.४७ प्रतिशतले वृद्धि भई ३ लाख ७० हजार ३३ पुगेको छ।

**तालिका १**

**हवाईमार्गबाट नेपाल भ्रमणमा आएका विदेशी पर्यटकहरुको संख्या**

| विवरण | आगमन संख्या | | | प्रतिशत परिवर्तन | | अंश |
|---|---|---|---|---|---|---|
| | २०६५/६६ | २०६६/६७ | २०६७/६८ | २०६६/६७ | २०६७/६८ | २०६७/६८ |
| **भारत** | ८७,८१८ | ९१,११६ | १३०,७१७ | ३.७६ | ४३.४६ | २६.१० |
| **अन्य मुलुक** | २७७,०११ | ३२०,४६८ | ३७०,०३३ | १५.६९ | १५.४७ | ७३.९० |
| **कुल** | **३६४,८२९** | **४११,५८४** | **५००,७५०** | **१२.८२** | **२१.६६** | **१००.००** |

*स्रोत : नेपाल पर्यटन बोर्ड*

## वैदेशिक लगानी

८. देशमा लगानीको वातावरणमा क्रमिक सुधार हुँदै गरेको कारण वैदेशिक लगानीको प्रतिवद्धता बढ्दै गएको छ। समीक्षा वर्षमा उद्योग विभागले रू. १० अर्ब ५ करोड वैदेशिक लगानीको प्रतिवद्धता भएका कुल २०९ वटा विदेशी संयुक्त लगानीका कम्पनीहरु स्थापना गर्न स्वीकृति प्रदान गरेको छ। उद्योग विभागले अघिल्लो वर्ष कुल रू. ९ अर्ब १० करोड वैदेशिक लगानी प्रतिवद्धता भएका १७१ वटा विदेशी संयुक्त लगानीका परियोजनाहरु स्थापनाका लागि स्वीकृति दिएको थियो। समीक्षा वर्षमा दर्ता गरिएका कुल २०९ वटा परियोजनाहरुमध्ये सेवा सम्वन्धी ८८, पर्यटन सम्वन्धी ४७, उत्पादन सम्वन्धी ३९, कृषि सम्वन्धी २३, उर्जा सम्वन्धी ६, खानी सम्वन्धी ५ र निर्माण सम्वन्धी १ वटा रहेका छन्। अघिल्लो वर्षको तुलनामा स्वीकृत वैदेशिक लगानीमध्ये सबैभन्दा बढी कृषि सम्वन्धी परियोजनाहरुको संख्यामा उल्लेख्य मात्रामा वृद्धि भएको पाईएको छ। अघिल्लो वर्ष कृषि सम्वन्धी जम्मा २ वटा परियोजनाहरु स्वीकृत भएका थिए। यसैगरी अघिल्लो वर्ष पर्यटन सम्वन्धी ५० र सेवा सम्वन्धी ७२ वटा परियोजनाहरु स्वीकृत भएका थिए।

९. आर्थिक वर्ष २०६७/६८ मा वैदेशिक लगानीका परियोजनाहरुको संख्यामा अघिल्लो वर्षको तुलनामा २२.२ प्रतिशत र लगानी रकमको हकमा भने १०.४ प्रतिशतले मात्र वृद्धि भएको पाईएको छ। समीक्षा वर्षमा सबैभन्दा बढी चीनबाट ६९, भारतबाट ३८, दक्षिण कोरियाबाट १८ र बांकी अन्य देशहरुबाट गरी कुल २०९ परियोजनाहरुलाई स्वीकृति दिईएको छ भने यसबाट कुल १०,८८७ जनाले प्रत्यक्ष रोजगारी पाउने अनुमान गरिएको छ।

## वैदेशिक रोजगार

१०. नेपाल सरकार, वैदेशिक रोजगार विभागले आर्थिक वर्ष २०६७/६८ मा कुल ३ लाख ५४ हजार ७१६ जनालाई वैदेशिक रोजगारीको लागि अन्तिम स्वीकृति प्रदान गरेको छ। यो संख्या अघिल्लो बर्षको तुलनामा

२०.६१ प्रतिशतले बढी हो । अघिल्लो वर्ष यस्तो स्वीकृति कुल २ लाख ९४ हजार ९४ जनालाई प्रदान गरिएको थियो ।

११. समीक्षा वर्षमा पनि नेपाली श्रमिकका प्रमुख गन्तव्य मुलुकहरुमा मलेशिया तथा खाडी मुलुकहरु नै रहेको देखिन्छ । समीक्षा वर्षमा वैदेशिक रोजगारीको लागि अन्तिम स्वीकृति प्रदान गरिएका श्रमिकहरुमध्ये २९.८६ प्रतिशत मलेशिया, २९.०३ प्रतिशत कतार, २०.०५ प्रतिशत साउदी अरब, १२.५४ प्रतिशत यू.ए.ई. तथा ४.२८ प्रतिशत कुवेतका लागि रहेका छन् । अघिल्लो आर्थिक वर्षमा यी मुलुकहरुको अंश क्रमशः ३८.७६ प्रतिशत, १९.०२ प्रतिशत, २१.५६ प्रतिशत, ११.२८ प्रतिशत र २.८१ प्रतिशत रहेको थियो । मलेशियाको लागि स्वीकृति लिनेको संख्यामा अघिल्लो वर्षको तुलनामा समीक्षा वर्षमा ७.०९ प्रतिशतले गिरावट आएतापनि उक्त मुलुक नेपाली श्रमशक्ति खपत गर्ने देशहरुमध्ये अग्रस्थानमा नै रहेको छ ।

**तालिका २**
**वैदेशिक रोजगारका लागि अन्तिम श्रम स्वीकृति लिने कामदारहरुको संख्या**


| गन्तव्य मुलुक | श्रम स्वीकृति लिनेको कुल संख्या | | | प्रतिशत परिवर्तन | | अंश |
|---|---|---|---|---|---|---|
| | २०६५/६६ | २०६६/६७ | २०६७/६८ | २०६६/६७ | २०६७/६८ | २०६७/६८ |
| **मलेशिया** | ३५,०७० | ११३,९८२ | १०५,९०६ | २२५.०१ | -७.०९ | २९.८६ |
| **कतार** | ७६,१७५ | ५५,९४० | १०२,९६६ | -२६.५६ | ८४.०७ | २९.०३ |
| **साउदी अरब** | ४८,७४९ | ६३,४०० | ७१,११६ | ३०.०५ | १२.१७ | २०.०५ |
| **यू.ए.ई.** | ३१,६८८ | ३३,१८८ | ४४,४६४ | ४.७३ | ३३.९८ | १२.५४ |
| **कुवेत** | २,२९१ | ८,२५५ | १५,१८७ | २६०.३२ | ८३.९७ | ४.२८ |
| **अन्य** | २५,९९२ | १९,३२९ | १५,०७७ | -२५.६३ | -२२.०० | ४.२५ |
| **कुल** | **२१९,९६५** | **२९४,०९४** | **३५४,७१६** | **३३.७०** | **२०.६१** | **१००.००** |

*स्रोत : वैदेशिक रोजगार विभाग, नेपाल सरकार ।*

# मुद्रास्फीति र तलब तथा ज्यालादर

## उपभोक्ता मुद्रास्फीति

१२. आर्थिक वर्ष २०६७/६८ मा वार्षिक औसत उपभोक्ता मुद्रास्फीति ९.६ प्रतिशतमा रहेको छ । आर्थिक वर्ष २०६६/६७ मा समेत यस्तो मुद्रास्फीति ९.६ प्रतिशत नै रहेको थियो । समीक्षा वर्षमा पनि अघिल्लो वर्ष झैं खाद्य तथा पेय पदार्थ समूहको मूल्य सूचकाङ्क १४.७ प्रतिशतको उच्च दरले वृद्धि भए पनि गैरखाद्य तथा सेवा समूहको मूल्य सूचकाङ्क ५.४ प्रतिशतले मात्र वृद्धि भएकोले समग्रमा वार्षिक औसत उपभोक्ता मुद्रास्फीति अघिल्लो आर्थिक वर्षको स्तरमा नै रहन गएको हो । अघिल्लो आर्थिक वर्षमा यी समूहहरुको मूल्य सूचकाङ्कको औसत वृद्धि क्रमशः १५.१ प्रतिशत र ४.९ प्रतिशत रहेको थियो ।




१३. समीक्षा वर्षमा खाद्य तथा पेयपदार्थ समूहमा पर्ने वस्तुहरुमध्ये तरकारीको वार्षिक औसत मूल्यवृद्धि सबैभन्दा बढी ३५.० प्रतिशत रहेको छ । अघिल्लो आर्थिक वर्ष २०६६/६७ मा पनि यस उपसमूहको मूल्य सूचकाङ्कको वार्षिक औसत वृद्धि २०.५ प्रतिशत रहेको थियो । यसैगरी, समीक्षा वर्षमा मसला, चिनी तथा मिठाई र फलफूलको मूल्य सूचकाङ्कमा वार्षिक औसत वृद्धि क्रमशः २३.२ प्रतिशत, १९.५ प्रतिशत र १९.४ प्रतिशत रहेको छ । अघिल्लो आर्थिक वर्षमा सो वृद्धिदर क्रमशः २७.४ प्रतिशत, ४५.३ प्रतिशत र २०.५ प्रतिशत रहेको थियो । अघिल्लो बर्ष २०.३ प्रतिशतले वृद्धि भएको रेष्टुरेन्ट तथा होटेलको बार्षिक औसत मूल्य सूचकाङ्कमा समीक्षा बर्षमा १५.५


प्रतिशतले वृद्धि भएको छ । यसैगरी, समीक्षा बर्षमा दुग्ध पदार्थ तथा अण्डा, अन्न तथा सो बाट बनेका परिकार र सूर्तिजन्य पदार्थको बार्षिक औसत मूल्य सूचकाङ्कको वृद्धिदर क्रमशः १४.६ प्रतिशत, १३.९ प्रतिशत र १३.५ प्रतिशत रहेको छ । यी उप–समूहको सूचकाङ्क अघिल्लो वर्षमा क्रमशः ११.९ प्रतिशत, १०.१ प्रतिशत र १२.५ प्रतिशतले वृद्धि भएको थियो । तर आर्थिक वर्ष २०६६/६७ मा २६.० प्रतिशतले उच्च वृद्धि भएको दलहनको मूल्य सूचकाङ्कमा भने समीक्षा वर्षमा ७.६ प्रतिशतले ह्रास भएको छ ।

१४. समीक्षा वर्षमा गैर-खाद्यवस्तु तथा सेवा समूहका वस्तुहरुमध्ये लत्ताकपडा तथा जुत्ताचप्पल र घरायसी उपयोगका सामानको वार्षिक औसत मूल्य सूचकाङ्क क्रमशः १३.३ प्रतिशत र ७.५ प्रतिशतले वृद्धि भएको छ । उक्त वृद्धिदर अघिल्लो वर्ष क्रमशः ७.६ प्रतिशत र ३.१ प्रतिशत रहेको थियो । त्यस्तै, समीक्षा वर्षमा फर्निसिँग तथा घरायसी उपकरण र शिक्षा समूहको मूल्य सूचकाङ्कमा क्रमशः ५.७ प्रतिशत र ५.५ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्ष यस्तो वृद्धिदर ६.२ प्रतिशत र ११.४ प्रतिशत रहेको थियो । यातायात क्षेत्रको बार्षिक औसत मूल्य सूचकाङ्क अघिल्लो बर्ष ४.७ प्रतिशतले गिरावट आएकोमा समीक्षा बर्षमा भने १०.१ प्रतिशतले वृद्धि भएको छ । यसैगरी, अघिल्लो बर्ष स्थिर रहेको संचार क्षेत्रको बार्षिक औसत मूल्य सूचकाङ्कमा समीक्षा बर्षमा १०.६ प्रतिशतले ह्रास आएको छ ।

१५. समीक्षा वर्षमा काठमाण्डौ उपत्यका, पहाड र तराईको वार्षिक औसत मूल्य सूचकाङ्क क्रमशः १२.१ प्रतिशत, १०.६ प्रतिशत र ७.२ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्ष यस्तो वृद्धिदर क्रमशः ९.२ प्रतिशत, १०.३ प्रतिशत र ९.५ प्रतिशत रहेको थियो ।

## थोक मुद्रास्फीति

१६. आर्थिक वर्ष २०६७/६८ मा वार्षिक औसत राष्ट्रिय थोक मूल्य सूचकाङ्क ९.९ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्ष यस्तो वृद्धिदर १२.६ प्रतिशत रहेको थियो । थोक मूल्य अन्तर्गतका कृषिजन्य वस्तु र स्वदेशी उत्पादित वस्तुहरुको वार्षिक औसत मूल्य सूचकाङ्क क्रमशः १०.८ प्रतिशत र ९.१ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्ष यी सूचकाङ्कहरुको वृद्धिदर क्रमशः २२.८ प्रतिशत र ८.६ प्रतिशत रहेको थियो । अघिल्लो वर्ष १.२ प्रतिशतले ह्रास हुन गएको आयातित वस्तुको मूल्य सूचकाङ्क भने समीक्षा वर्ष ८.५ प्रतिशतले वृद्धि भएको छ ।




१७. समीक्षा वर्षमा कृषिजन्य वस्तु अन्तर्गत मसला, फलफुल तथा तरकारी र खाद्यान्न समूहतर्फको वार्षिक औसत मूल्य सूचकाङ्कको वृद्धिदर क्रमशः ३८.१ प्रतिशत, २३.६ प्रतिशत र १३.० प्रतिशत रहेको छ । अघिल्लो वर्ष यस्तो वृद्धिदर क्रमशः ३७.६ प्रतिशत, ९.४ प्रतिशत र १७.२ प्रतिशत रहेको थियो ।

१८. समीक्षा वर्षमा स्वदेशमा उत्पादित वस्तुहरुमध्ये पेय पदार्थ तथा सूर्तिजन्य वस्तु र खाद्यजन्य वस्तुको वार्षिक औसत मूल्य सूचकाङ्कमा क्रमशः १४.३ प्रतिशत र ५.७ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्ष उक्त सूचकाङ्कहरुमा क्रमशः १३.४ प्रतिशत र १२.५ प्रतिशतले वृद्धि भएको थियो । अघिल्लो बर्ष निर्माण सामाग्रीको वार्षिक औसत मूल्य सूचकाङ्कमा ४.० प्रतिशतले वृद्धि भएकोमा समीक्षा बर्षमा ५.२ प्रतिशतले वृद्धि भएको छ ।

१९. समीक्षा वर्षमा आयातित समूहतर्फ पेट्रोलियम पदार्थ तथा कोइला र यातायातका साधन तथा मेसिनरी सामानको वार्षिक औसत मूल्य सूचकाङ्कमा क्रमशः १५.८ प्रतिशत र ५.८ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्ष यी समूहहरुमा क्रमशः ४.८ प्रतिशत र १.५ प्रतिशतले ह्रास आएको थियो । अघिल्लो वर्ष ९.९

प्रतिशतले ह्रास भएको रासायनिक मल तथा रासायनिक पदार्थको वार्षिक औसत मूल्य सूचकाङ्कमा समीक्षा वर्षमा ४.९ प्रतिशतले वृद्धि भएको छ ।


### राष्ट्रिय तलव तथा ज्यालादर सूचकाङ्क

२०. आर्थिक वर्ष २०६७/६८ मा वार्षिक औसत राष्ट्रिय तलब तथा ज्यालादर सूचकाङ्क १८.० प्रतिशतले बढेको छ । अघिल्लो वर्ष यस्तो वृद्धिदर १७.२ प्रतिशत रहेको थियो । समीक्षा बर्षमा राष्ट्रिय तलब तथा ज्यालादर सूचकाङ्कमध्ये तलवको सूचकाङ्क स्थिर रहेको छ भने ज्यालादर सूचकाङ्कको वार्षिक औसत वृद्धि दर २४.० प्रतिशत रहेको छ । यस्तो वृद्धिदर अघिल्लो वर्ष क्रमशः २०.२ प्रतिशत र १६.३ प्रतिशत रहेको थियो । समीक्षा बर्षमा ज्यालादर तर्फ कृषि मजदूरहरूको ज्यालादर सूचकाङ्कको बार्षिक औसत वृद्धिदर ३२.३ प्रतिशत रहेको छ भने औद्योगिक र निर्माण मजदुरहरुको ज्यालादर सूचकाङ्कको बार्षिक औसत वृद्धिदर क्रमशः ९.५ प्रतिशत र २१.३ प्रतिशतले वृद्धि भएको छ ।

## वाह्य क्षेत्र

### वैदेशिक व्यापार

२१. आर्थिक वर्ष २०६७/६८ मा निर्यात व्यापारमा सुधार भएको र आयातको वृद्धिदरमा निकै कमी आएकाले विगत दश वर्षमा पहिलो पटक निर्यातको वृद्धिदरले आयातको वृद्धिदरलाई उछिनेको छ । फलस्वरुप, व्यापार घाटाको वृद्धिदरमा उल्लेख्य कमी आएको छ । तथापि, देशगत व्यापार भने समीक्षा वर्षमा विगतमा भन्दा अधिक (करिव दुई तिहाई) भारत केन्द्रीत रहन गएको छ ।



चार्ट ५ : वैदेशिक व्यापारको वृद्धिदर

२२. अघिल्लो वर्ष १०.२ प्रतिशतले घटेको निर्यात समीक्षा वर्ष ६.१ प्रतिशतले वृद्धि भई रू. ६४ अर्ब ५६ करोड पुगेको छ । अघिल्लो वर्ष रू. ६० अर्ब ८२ करोडको निर्यात भएको थियो । मासिक रुपमा हेर्दा समीक्षा वर्षको असार महिनामा कुल वस्तु निर्यात जेठ महिनाको तुलनामा १७.५ प्रतिशतले वृद्धि भएको छ ।

२३. कुल वस्तु निर्यातमध्ये भारततर्फको निर्यात समीक्षा वर्षमा ८.४ प्रतिशतले बढेको छ । यस्तो निर्यात अघिल्लो वर्ष २.५ प्रतिशतले घटेको थियो । त्यस्तै, अन्य मुलुकतर्फको निर्यात अघिल्लो वर्ष २२.० प्रतिशतले घटेकोमा समीक्षा वर्षमा १.८ प्रतिशतले बढेको छ । भारततर्फ मुख्यतयाः जस्ता पाता, जुटका सामान, जुस, अलैंची र धागोको निर्यात बढेको कारण त्यसतर्फको निर्यातमा वृद्धि हुन गएको हो । त्यस्तै, अन्य मुलुकतर्फ विशेषगरी पश्मिना, ऊनी गलैंचा, छाला र चियाको निर्यातमा वृद्धि भएका कारण त्यसतर्फको निर्यातमा वृद्धि हुन गएको हो ।

२४. समीक्षा वर्षमा कुल वस्तु आयात ५.५ प्रतिशतले बढेर रू. ३ खर्ब ९४ अर्ब ९० करोड पुगेको छ । अघिल्लो वर्ष यस्तो आयात ३१.६ प्रतिशतले वृद्धि भई रू. ३ खर्ब ७४ अर्ब ३४ करोड पुगेको थियो । उच्च दर (४३.९ प्रतिशत) ले वृद्धि भएको पेट्रोलियम पदार्थको आयातले समग्र आयात वृद्धिदरमा प्रमुख भूमिका खेलेको छ । पेट्रोलियम पदार्थ वाहेकका अन्य वस्तुहरूको आयात भने ०.९ प्रतिशतले घटेको छ । मासिक रुपमा हेर्दा असार महिनामा कुल वस्तु आयात जेठ महिनाको तुलनामा २.९ प्रतिशतले घटेको छ ।

२५. कुल आयातमध्ये भारतबाट भएको आयात अघिल्लो वर्ष ३३.७ प्रतिशतले वृद्धि भएकोमा समीक्षा वर्षमा २०.५ प्रतिशतले बढेको छ । त्यसैगरी, अन्य मुलुकबाट भएको आयात अघिल्लो वर्षको २८.८ प्रतिशत वृद्धिको विपरीत समीक्षा वर्षमा १५.२ प्रतिशतले ह्रास आएको छ । भारतबाट मुख्यतया पेट्रोलियम पदार्थ, एम एस

बिलेट, औषधि, कोल्डरोल्ड सिट इन क्वाइल र हटरोल्ड सिट इन क्वाइलको आयात बढेको छ । अन्य मुलुकबाट विशेषगरी सुन, तयारी कपडा, स्टीलका रड र पाता, अन्य मेसिनरी तथा पार्ट्स र सुपारीको आयातमा कमी आएको छ ।

२६. निर्यातमा भएको सुधार र आयातको वृद्धिदरमा आएको कमीको फलस्वरुप अघिल्लो वर्ष ४४.६ प्रतिशतले वढेको व्यापार घाटा समीक्षा वर्षमा ५.४ प्रतिशतले मात्र वृद्धि भई रू. ३ खर्ब ३० अर्ब ३४ करोड पुगेको छ । कुल वस्तु व्यापार घाटामध्ये भारतसँगको व्यापार घाटा समीक्षा वर्षमा २३.२ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्ष भारतसंगको यस्तो घाटा ४५.९ प्रतिशतले वढेको थियो । त्यस्तै, अघिल्लो वर्ष ४३.१ प्रतिशतले बढेको अन्य मुलुकसँगको व्यापार घाटा समीक्षा वर्षमा १७.८ प्रतिशतले घटेको छ ।


२७. आर्थिक वर्ष २०६७/६८ मा निर्यात-आयात अनुपातमा सीमान्त सुधार भई १६.३ प्रतिशत पुगेको छ । अघिल्लो वर्ष यस्तो अनुपात १६.२ प्रतिशत रहेको थियो । समीक्षा वर्षमा व्यापार विविधिकरण तर्फ कुल व्यापारमा भारतसंगको अंश ६६.४ प्रतिशत रहेको छ । अघिल्लो वर्ष यस्तो अंश ५९.१ प्रतिशत रहेको थियो ।

## शोधनान्तर स्थिति

२८. आर्थिक वर्ष २०६७/६८ को नौ महिनामा वर्षकै उच्च रू. १४ अर्ब ७९ करोडले घाटामा रहेको शोधानान्तर स्थितिमा पछिल्ला महिनाहरुमा उल्लेख्य सुधार भई आर्थिक वर्ष २०६७/६८ को अन्त्यमा शोधनान्तर स्थिति रू. २ अर्ब ९३ करोडले बचतमा रहेको छ । अघिल्लो वर्ष रू. ३ अर्व ६३ करोड शोधनान्तर घाटामा रहेको थियो । चालू खातामा उल्लेख्य सुधार भएको, सरकारलाई प्राप्त पूँजीगत अनुदानको वृद्धिदर सन्तोषजनक रहेको र ऋण सहयोगको प्राप्ति पनि उल्लेख्य रहेकोले समीक्षा वर्ष शोधनान्तर स्थितिमा अनुकूल प्रभाव परेको हो । अघिल्लो वर्ष रू. २८ अर्ब १४ करोडले घाटामा रहेको चालू खाता घाटाको आकारमा आर्थिक वर्ष २०६७/६८ मा उल्लेख्य कमी आई रू. ११ अर्ब ९१ करोडमा सीमित हुन पुगेको छ । खासगरी आयातको वृद्धिदरभन्दा निर्यातको वृद्धिदर उच्च रही वस्तु व्यापार घाटाको वृद्धिदरमा सुधार आएको एवं सेवा खातामा भएको सुधारका कारण चालू खाता घाटा कम रहन गएको हो । कुल गार्हस्थ्य उत्पादनसंग चालू खाता अनुपात अघिल्लो वर्ष २.४ प्रतिशतले ऋणात्मक रहेकोमा सोमा सुधार भई ०.९ प्रतिशतले मात्र ऋणात्मक रहन गएको छ ।

२९. एफ.ओ.बी. मूल्यमा आधारित वस्तु व्यापार घाटा अघिल्लो वर्ष ४५.० प्रतिशतले बढेकोमा समीक्षा वर्षमा ५.० प्रतिशतले मात्र वृद्धि भई रू. ३ खर्ब १८ अर्ब ७४ करोड पुगेको छ । खूद सेवा खाता घाटा समीक्षा वर्षमा ४७.७ प्रतिशतले घटी रू. ८ अर्व ५७ करोडमा झरेको छ । अघिल्लो वर्षमा यस्तो घाटा ५६.४ प्रतिशतले वढेर रू. १६ अर्व ३९ करोड पुगेको थियो । त्यस्तै, खूद ट्रान्सफर आय अघिल्लो वर्षको तुलनामा ८.९ प्रतिशतले वृद्धि भई रू. ३ खर्ब ७ अर्ब ८६ करोड पुगेको छ । ट्रान्सफर अन्तर्गत पेन्सन आय १२.२ प्रतिशतले वृद्धि भई रू. २८ अर्ब ९९ करोड पुगेको छ । त्यस्तै, विप्रेषण आप्रवाह अघिल्लो वर्ष १०.५ प्रतिशतले वृद्धि भएकोमा समीक्षा वर्षमा ९.४ प्रतिशतले मात्र वृद्धि भई रू. २ खर्ब ५३ अर्ब ५५ करोड पुगेको छ । मासिकरुपमा हेर्दा, चालू आर्थिक वर्षको जेठ महिनाको तुलनामा असार महिनामा विप्रेषण आप्रवाह ५.१ प्रतिशतले बढेको छ । समीक्षा वर्षमा वित्तीय खाता अन्तर्गत रू. ६ अर्ब ४४ करोडको प्रत्यक्ष वैदेशिक लगानी प्राप्त भएको छ । अघिल्लो वर्ष यस्तो लगानी वापत रू. २ अर्ब ८५ करोड प्राप्त भएको थियो । त्यसैगरी, सरकारलाई प्राप्त वैदेशिक ऋण अघिल्लो वर्षको तुलनामा दोव्वरले वृद्धि भई रू. १३ अर्ब ७० करोड पुगेको छ । पूँजी खाता अन्तर्गत पूँजीगत ट्रान्सफर २६.५ प्रतिशतले वृद्धि भई रू. १५ अर्ब ९१ करोड पुगेको छ । अघिल्लो वर्ष रू. १२ अर्ब ५८ करोड बराबरको

**चार्ट ६ : कुल विदेशी विनिमय सञ्चितिको वृद्धिदर (आषाढ मसान्त)**



पूँजीगत ट्रान्सफर प्राप्त भएको थियो ।

### विदेशी विनिमय सञ्चिति

३०. २०६८ असार मसान्तमा कुल विदेशी विनिमय सञ्चिति २०६७ असार मसान्तको तुलनामा १.२ प्रतिशतले वृद्धि भई रू. २ खर्ब ७२ अर्ब १० करोड पुगेको छ । २०६७ असार मसान्तमा यस्तो सञ्चिति २०६६ असार मसान्तको तुलनामा ६.२ प्रतिशतले घटेर रू. २ खर्ब ६८ अर्ब ९१ करोड रहन गएको थियो । मासिक रुपमा हेर्दा, आर्थिक वर्ष २०६७/६८ को असार महिनामा मात्रै रू. १० अर्ब ७६ करोडले विदेशी मुद्रा सञ्चिति बढेको छ । कुल सञ्चितिमध्ये नेपाल राष्ट्र बैंकमा रहेको सञ्चिति २०६७ असार मसान्तको रू. २ खर्ब ५ अर्ब ३७ करोडको तुलनामा २०६८ असार मसान्तमा ३.८ प्रतिशतले बृद्धि भई रू. २ खर्ब १३ अर्ब ९ करोड पुगेको छ । अमेरिकी डलरमा भने बैकिङ्ग क्षेत्रको कुल सञ्चिति २०६७ असारदेखि २०६८ असार मसान्तसम्ममा ६.२ प्रतिशतले वृद्धि भई अमेरिकी डलर ३ अर्ब ८४ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो सञ्चिति १.६ प्रतिशतले घटेको थियो । आर्थिक वर्ष २०६७/६८ मा भएको आयातलाई आधार मान्दा विदेशी विनिमय सञ्चितिको विद्यमान स्तरले ८.४ महिनाको वस्तु आयात र ७.३ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहने देखिन्छ ।

### अन्तर्राष्ट्रिय बजारमा कच्चा पेट्रोलियम तथा सुनको मूल्य स्थिति तथा विनिमय दर प्रवृत्ति

३१. अन्तर्राष्ट्रिय बजारमा कच्चा पेट्रोलियम (Crude Oil Brent) को मूल्य २०६७ असार मसान्तमा प्रति व्यारल अमेरिकी डलर ७६.४० रहेकोमा २०६८ असार मसान्तमा ५४.५ प्रतिशतले वृद्धि भई प्रति व्यारल अमेरिकी डलर ११८.०६ पुगेको छ । त्यसैगरी, सुनको मूल्य २०६७ असार मसान्तको तुलनामा २०६८ असार मसान्तमा ३३.४ प्रतिशतले वृद्धि भई प्रति आउन्स अमेरिकी डलर १५८७.०० पुगेको छ ।

३२. २०६७ असार मसान्तको तुलनामा २०६८ असार मसान्तमा नेपाली रुपैयाँ अमेरिकी डलरसँग ४.९२ प्रतिशतले अधिमूल्यन भएको छ । अघिल्लो वर्षको सोही अवधिमा नेपाली रुपैयाँ अमेरिकी डलरसँग ४.८५ प्रतिशतले अधिमूल्यन भएको थियो । २०६८ असार मसान्तमा अमेरिकी डलर एकको विनिमय दर रू. ७०.९५ पुगेको छ । २०६७ असार मसान्तमा उक्त विनिमय दर रू. ७४.४४ रहेको थियो ।

## सरकारी वित्त स्थिति *

### बजेट घाटा/बचत

३३. आर्थिक वर्ष २०६७/६८ मा नगद प्रवाहमा आधारित बजेट घाटा अघिल्लो वर्षको तुलनामा २४.३ प्रतिशतले वढी रू. ५० अर्ब ६३ करोड पुगेको छ । आर्थिक वर्ष २०६६/६७ मा यस्तो बजेट घाटा रू. ४० अर्ब ७३ करोड रहेको थियो । आर्थिक वर्ष २०६७/६८ मा कुल गार्हस्थ्य उत्पादनसँग नगद प्रवाहमा आधारित बजेट घाटाको अनुपात ३.८ प्रतिशत रह्यो भने आर्थिक वर्ष २०६६/६७ मा सो अनुपात ३.५ प्रतिशत रहेको थियो ।

#### बजेट घाटा पूर्तिका स्रोतहरु

३४. आर्थिक वर्ष २०६७/६८ मा बजेट घाटा पूर्तिका उपायको रूपमा कुल आन्तरिक ऋण रू. ३३ अर्ब ६८ करोड परिचालन भएको छ । कुल गार्हस्थ्य उत्पादनसँग आन्तरिक ऋणको अनुपात २.५ प्रतिशत रहेको छ ।

३५. समीक्षा वर्षमा रू. ६ अर्ब ५ करोड आन्तरिक ऋणको भुक्तानी भएको र नेपाल सरकारले नेपाल राष्ट्र बैंकसँग रू.१३ अर्ब १ करोड अधिविकर्ष लिएको कारण नेपाल सरकारको खुद आन्तरिक ऋण परिचालन रू.४० अर्ब ६४ करोड रहेको छ, जुन कुल गार्हस्थ्य उत्पादनको ३.० प्रतिशत रहेको छ । नेपाल सरकारले आर्थिक वर्ष २०६६/६७ मा उपयोग गरेको अधिविकर्ष रकम रू. ७ अर्व ८८ करोड र आ.व. २०६७/६८ मा उपयोग गरेको अधिविकर्ष रकम रू. १३ अर्व १ करोड समेत गरी नेपाल सरकारको कुल तिर्न बाँकी आन्तरिक ऋण २०६७ असारमसान्तसम्ममा रू. २०० अर्ब २१ करोड पुगेको छ ।


---

* नेपाल राष्ट्र बैंकका ८ वटा कार्यालयहरु, सरकारी कारोवार गर्ने राष्ट्रिय वाणिज्य बैंकका ६५ वटा शाखाहरु, नेपाल बैंक लिमिटेडका ४३ वटा शाखाहरु, एभरेष्ट बैंक लिमिटेडका ५ वटा शाखाहरु, नेपाल वंगलादेश बैंक लिमिटेडको १ शाखा र ग्लोबल बैंक लिमिटेडको १ शाखाबाट प्राप्त विवरणको आधारमा तयार गरिएको ।


३६. न्यून वित्त पूर्तिको अर्को उपाय वैदेशिक नगद ऋण परिचालन आर्थिक वर्ष २०६७/६८ मा १७.४ प्रतिशतले वृद्धि भई रू. ४ अर्ब ९३ करोड पुगेको छ। अघिल्लो वर्ष रू. ४ अर्ब २० करोड बराबर वैदेशिक ऋण परिचालन भएको थियो ।

**सरकारी राजस्व र वैदेशिक नगद अनुदान**

३७. आर्थिक वर्ष २०६७/६८ मा नेपाल सरकारको राजस्व ११.६ प्रतिशतले वृद्धि भई २०६८ असार मसान्तसम्ममा रू. २०० अर्ब ७९ करोड पुगेको छ। उक्त राजस्व बजेटको वार्षिक लक्ष्य रू. २१६ अर्व ६४ करोडको ९२.७ प्रतिशत हो । अघिल्लो वर्ष नेपाल सरकारको राजस्व २५.४ प्रतिशतले वृद्धि भई रू. १७९ अर्ब ९५ करोड पुगेको थियो । समीक्षा वर्षमा राजस्व/कुल गार्हस्थ्य उत्पादन अनुपात १४.९ प्रतिशत पुगेको छ । आ.व. २०६६/६७ मा यस्तो अनुपात १५.४ प्रतिशत रहेको थियो । आर्थिक वर्ष २०६७/६८ को बजेट सार्वजनिक हुन भएको ढिलाईका कारण चार महिनासम्म अघिल्लो वर्षकै आर्थिक ऐन अनुरुप राजस्व संकलन गर्नु परेको र सरकारको पूँजीगत खर्चमा सुस्तता आउनुका साथै आयातको वृद्धिदर समेत अघिल्लो वर्षको तुलनामा घटेकोले सरकारी राजस्वको वृद्धिदरमा कमी आएको हो ।




३८. राजस्वका शीर्षकहरूमध्ये मूल्य अभिवृद्धि कर आर्थिक वर्ष २०६७/६८ मा १५.३ प्रतिशतले वृद्धि भई रू. ६१ अर्ब ६७ करोड परिचालन भएको छ। अघिल्लो वर्ष सो राजस्वमा ३५.० प्रतिशतले वृद्धि भएको थियो । औद्योगिक उत्पादनमा विस्तार हुन नसक्नु, विल विजक लिनेदिने प्रक्रिया प्रभावकारी हुन नसक्नु, नक्कली विल विजकको प्रयोग हुनु तथा न्यून विजकीकरण हुनु जस्ता कारणहरुले गर्दा मूल्य अभिवृद्धि कर परिचालनको वृद्धिदरमा कमी आएको हो ।




३९. समीक्षा वर्षमा भन्सार महसूलबाट प्राप्त हुने राजस्व १.८ प्रतिशतले मात्र वृद्धि भई रू. ३५ अर्ब ६६ करोड परिचालन भएको छ। अघिल्लो वर्ष सो राजस्व ३१.६ प्रतिशतले वृद्धि भएको थियो। आयातको वृद्धिदरमा अघिल्लो वर्षको तुलनामा कमी आएकोले भन्सार राजस्वको वृद्धिदरमा कमी आएको हो।

४०. समीक्षा वर्षमा आयकर २३.९ प्रतिशतले वृद्धि भई रू. ४१ अर्ब ६८ करोड परिचालन भएको छ। अघिल्लो वर्ष यस्तो कर २२.४ प्रतिशतले वृद्धि भएको थियो। आर्थिक बर्ष २०६७/६८ लाई "कर कार्यान्वयन अभियान बर्ष" को रुपमा लिइएकोले यसको सकारात्मक प्रभाव पर्न गएकोले आयकरको वृद्धिदरमा सामान्य वृद्धि भएको हो।

४१. आर्थिक वर्ष २०६७/६८ मा सरकारको अन्तःशुल्क परिचालनमा ८.५ प्रतिशतले वृद्धि भई रू. २६ अर्ब ३९ करोड पुगेको छ। अघिल्लो वर्ष अन्तःशुल्क ४९.६ प्रतिशतले वृद्धि भएको थियो। उच्च अन्तःशुल्क राजस्व

लाग्ने सवारी साधनहरुको आयातको वृद्धिदर अघिल्लो वर्षको तुलनामा घटेकोले अन्तःशुल्क राजस्वको वृद्धिदरमा कमी आएको हो ।

४२. समीक्षा वर्षमा कुल राजस्व परिचालनमा मूल्य अभिवृद्धि करको अँश सवैभन्दा वढी अर्थात ३०.७ प्रतिशत, त्यसपछि क्रमशः आयकर (२०.८ प्रतिशत), भन्सार (१७.८ प्रतिशत) र अन्तःशुल्क (१३.१ प्रतिशत) को अंश रहेको छ ।


४३. समीक्षा वर्षमा गैर-कर राजस्व परिचालनमा १४.६ प्रतिशतले वृद्धि भई रू. २८ अर्व ९७ करोड पुगेको छ । अघिल्लो वर्ष गैर-कर राजस्वमा ४.३ प्रतिशतले कमी आएको थियो ।

४४. आर्थिक वर्ष २०६७/६८ मा नगद प्रवाहमा आधारित वैदेशिक अनुदान ३.९ प्रतिशतले वृद्धि भई रू. २६ अर्व २१ करोड पुगेको छ । अघिल्लो वर्ष यस्तो वैदेशिक अनुदान ३.४ प्रतिशतले वृद्धि भई रू. २५ अर्व २३ करोड पुगेको थियो ।

**सरकारी खर्च**

४५. आर्थिक वर्ष २०६७/६८ मा नगद प्रवाहमा आधारित कुल सरकारी खर्च १०.७ प्रतिशतले वृद्धि भई २०६८ असारमसान्तसम्ममा रू. २७७ अर्व ६८ करोड पुगेको छ। अघिल्लो वर्ष सरकारी खर्च २१.३ प्रतिशतले बढी रू. २५० अर्व ८२ करोड पुगेको थियो। चालू तथा पूँजीगत दुवै खर्चको वृद्धिदरमा कमी आएको कारणले समीक्षा वर्षमा कुल सरकारी खर्चको वृद्धिदरमा कमी आएको हो ।


चार्ट ९ : सरकारी खर्चको वृद्धिदर




४६. आर्थिक वर्ष २०६७/६८ मा नेपाल सरकारको नगद प्रवाहमा आधारित चालू खर्च १३.५ प्रतिशतले वृद्धि भई २०६८ असारमसान्तसम्ममा रू. १६६ अर्व १ करोड पुगेको छ। अघिल्लो वर्ष चालू खर्च २२.३ प्रतिशतले बढेको थियो। आर्थिक वर्ष २०६७/६८ को बार्षिक बजेट सार्वजनिक हुन ढिलाई भएको कारण चालू खर्चको वृद्धिदरमा कमी आएको हो ।

४७. समीक्षा वर्षमा पूँजीगत खर्च १५.७ प्रतिशतले वृद्धि भई रू. ८७ अर्व ८९ करोड पुगेको छ। अघिल्लो वर्ष पूँजीगत खर्च २१.१ प्रतिशतले बढेको थियो। आर्थिक वर्ष २०६७/६८ मा उक्त आर्थिक वर्षको बजेट अनुमानको ६७.८ प्रतिशत मात्र पूँजीगत खर्च हुन सकेको छ । अपेक्षा अनुरुप पूँजीगत खर्च हुन नसक्नुमा आर्थिक वर्ष शुरु भएको पाँचौं महिनामा मात्र अध्यादेश मार्फत पूर्ण आकारको बजेट कार्यान्वयनमा आउनु तथा कार्यक्रम स्वीकृत र ठेक्कापट्टामा ढिलाई भई निर्माण कार्यमा सुस्तता आउनु, शान्ति सुरक्षाको स्थितिमा अपेक्षा अनुरुप सुधार आउन नसक्नु जस्ता प्रमुख कारणहरु रहेका छन् ।

चार्ट १० : मौद्रिक स्थिति




# मौद्रिक स्थिति

## मुद्राप्रदाय

४८. आर्थिक वर्ष २०६७/६८ मा विस्तृत मुद्राप्रदाय

९.५ प्रतिशतले वृद्धि भएको छ। अघिल्लो वर्षमा उक्त मुद्राप्रदाय १४.१ प्रतिशतले बढेको थियो। आर्थिक वर्ष २०६७/६७ ह्रास भएको बैंकिङ्ग क्षेत्रको खुद वैदेशिक सम्पत्तिमा समीक्षा अवधिमा केही वृद्धि भएको भएतापनि आन्तरिक सम्पत्तिमा अघिल्लो वर्षको तुलनामा न्यून वृद्धि भएकोले विस्तृत मुद्रा प्रदायको वृद्धिदर अघिल्लो वर्षभन्दा कम रहेको हो। संकुचित मुद्रा प्रदाय भने समीक्षा वर्षमा ४.५ प्रतिशतले बढेको छ।

४९. समीक्षा वर्षमा खुद वैदेशिक सम्पत्ति (विदेशी विनिमय मूल्याङ्कन नाफा/नोक्सान समायोजित) रू. २ अर्ब ९३ करोड (१.४ प्रतिशत) ले बढेको छ। अघिल्लो वर्ष उक्त सम्पत्ति रू. ३ अर्ब ६३ करोड (१.६ प्रतिशत) ले घटेको थियो। वस्तु निर्यात र विप्रेषण आप्रवाहमा वृद्धि हुनुका साथै आयातमा पनि न्यून मात्र वृद्धि भएकोले भुक्तानी असन्तुलनमा सुधार भई मौद्रिक क्षेत्रको खुद वैदेशिक सम्पत्ति अघिल्लो वर्षको तुलनामा बढ्न गएको हो।


### कुल आन्तरिक कर्जा

५०. आर्थिक वर्ष २०६७/६८ मा कुल आन्तरिक कर्जा १२.९ प्रतिशतले बढेको छ। अघिल्लो वर्ष उक्त कर्जा १७.२ प्रतिशतले बढेको थियो। समीक्षा वर्षमा निजी क्षेत्रतर्फको कर्जा ११.७ प्रतिशतले बढेको छ। अघिल्लो वर्ष सो कर्जा १४.२ प्रतिशतले विस्तार भएको थियो। अनुत्पादक क्षेत्रमा प्रवाहित कर्जालाई नियन्त्रण गर्न गरिएको नीतिगत प्रयास र आयात व्यापारमा न्यून विस्तारका कारण समीक्षा वर्षमा निजी क्षेत्रको कर्जा विस्तारमा कमी आएको हो।

### वाणिज्य बैंकहरूको निक्षेप परिचालन तथा कर्जा प्रवाहको स्थिति

५१. आर्थिक वर्ष २०६७/६८ मा वाणिज्य बैंकहरूले निक्षेपको रुपमा परिचालन गरेको साधन र कर्जा प्रवाहबीच असन्तुलन यथावत रहेको छ। समीक्षा वर्षमा बाणिज्य बैंकहरुको निक्षेप रू. ५९ अर्ब ६२ करोडले बढेको छ भने कर्जा तथा लगानी रू. ७९ अर्ब ८० करोडले बढेको छ। बैंकहरुको पूंजी बढेकोले पनि कर्जाको वृद्धि उच्च देखिएको हो। अघिल्लो बर्ष निक्षेप परिचालन रू. ६९ अर्ब ९३ करोडले र कर्जा तथा लगानी रू. ७६ अर्ब ७१ करोडले बढेको थियो। समीक्षा वर्षमा निजी क्षेत्र तर्फको कर्जा रू. ५७ अर्ब ९४ करोडले वृद्धि भएको छ। अघिल्लो वर्ष यस्तो कर्जा रू. ६५ अर्ब ६१ करोडले बढेको थियो।

**चार्ट ११ : वाणिज्य बैंकहरुको निक्षेप तथा कर्जा वृद्धिदर**




५२. समीक्षा वर्षमा वाणिज्य बैंकहरूवाट निजी क्षेत्रमा प्रवाहित कर्जामध्ये उत्पादन क्षेत्रतर्फको कर्जा रू. २० अर्ब १३ करोडले बढेको छ। अघिल्लो वर्ष उक्त क्षेत्रतर्फको कर्जा रू. ६ अर्ब ८४ करोडले मात्र बढेको थियो। त्यसैगरी, समीक्षा वर्षमा थोक तथा खुद्रा व्यापारतर्फको कर्जा रू. २० अर्ब ६३ करोडले र निर्माण क्षेत्रतर्फको कर्जा रू. २ अर्ब २ करोडले बढेको छ। तर, समीक्षा वर्षमा कृषि क्षेत्रतर्फको कर्जा रू. १ अर्ब ७७ करोडले र यातायात, सञ्चार तथा सार्वजनिक सेवा क्षेत्र तर्फको कर्जा रू. २ अर्ब ४६ करोडले घटेको छ।

### तरलता व्यवस्थापन

५३. आर्थिक वर्ष २०६७/६८ मा खुला बजार कारोवार अन्तर्गत रू. ७१ अर्ब ३९ करोडको खुद तरलता प्रवाह भएको छ। समीक्षा वर्षमा बिक्री बोलकबोल मार्फत रू. २ अर्ब र रिभर्स रिपो बोलकबोलमार्फत् रू. १९ अर्ब गरी रू. २१ अर्बको तरलता प्रशोचन भएको छ भने रिपो बोलकबोलमार्फत रू. ९२ अर्ब ३९ करोडको तरलता प्रवाह भएको छ। अघिल्लो वर्ष खुला बजार कारोवार अन्तर्गत बिक्री बोलकबोल र रिभर्स रिपो बोलकबोलबाट गरी रू. ८ अर्ब ४४ करोड तरलता प्रशोचन भएको र खरिद बोलकबोल तथा रिपो बोलकबोलबाट गरी रू. १३५ अर्ब ६ करोडको तरलता प्रवाह भएको थियो।

५४. आर्थिक वर्ष २०६७/६८ मा नेपाल राष्ट्र बैंकले विदेशी विनिमय बजार (बाणिज्य बैंकहरू) बाट अमेरिकी डलर २ अर्ब ४१ करोड खुद खरिद गरी रू. १७४ अर्ब ३० करोड बराबरको खुद तरलता प्रवाह गरेको छ। अघिल्लो वर्ष विदेशी विनिमय बजारबाट अमेरिकी डलर १ अर्ब ६० करोड खुद खरिद गरी रू. ११८ अर्ब ६६ करोड खुद तरलता प्रवाह गरेको थियो।

५५. समीक्षा वर्षमा अमेरिकी डलर २ अर्ब ७४ करोड बिक्री गरी रू. १९८ अर्ब १५ करोड बरावरको भा.रू. खरिद भएको छ। अघिल्लो वर्ष अमेरिकी डलर २ अर्ब १९ करोड बिक्री गरी रू. १६३ अर्ब ३५ करोड बरावरको भा.रू. खरिद भएको थियो। समीक्षा वर्षमा पेट्रोलियम पदार्थको आयात उच्च रहन गई भारतसंगको व्यापार घाटा वढ्न गएकोले भा.रू. खरिद पनि बढन गएको हो।

## अन्तर-बैंक कारोवार र स्थायी तरलता सुविधाको उपयोग


५६. आर्थिक वर्ष २०६७/६८ मा वाणिज्य बैंकहरूले कुल रू. ३९७ अर्ब ५६ करोड बराबरको अन्तर-बैंक कारोवार गरेका छन्। अघिल्लो वर्ष कुल रू. २६८ अर्ब ८५ करोड बराबरको मात्र अन्तर-बैंक कारोवार भएको थियो। समीक्षा वर्षमा कुल रू. २१६ अर्ब ६७ करोडको स्थायी तरलता सुविधाको उपयोग भएकोमा २०६८ असार मसान्तमा रू. ३१ करोड वक्यौता रहेको छ। अघिल्लो वर्ष कुल रू. ९५ अर्ब ९४ करोड स्थायी तरलता सुविधा उपयोग भएकोमा २०६७ असार मसान्तमा यस्तो सुविधाको वक्यौता रहेको थिएन।

## अल्पकालीन व्याजदर

५७. आर्थिक वर्ष २०६७/६८ मा अघिल्लो वर्षको तुलनामा अल्पकालीन व्याजदरहरुमा केही वृद्धि भएको छ। उदाहरणको लागि ९१-दिने ट्रेजरी विलको भारित औसत व्याजदर अघिल्लो वर्ष ६.५ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०६७/६८ मा ७.४१ प्रतिशत रह्यो। त्यसैगरी, भारित औसत अन्तरबैंक व्याजदर अघिल्लो वर्ष ७.७४ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०६७/६८ मा ८.४४ प्रतिशत कायम रह्यो।

# धितोपत्र बजार

५८. २०६७ असार मसान्तमा ४७७.७३ रहेको नेप्से सूचकाङ्क २४.० प्रतिशतले घट्न गई २०६८ असार मसान्तमा ३६२.८५ विन्दुमा पुगेको छ। बजारमा शेयरको आपूर्ति उल्लेख्य रुपमा बढेको तथा मुलुकको समग्र आर्थिक तथा राजनीतिक वातावरण प्रतिकूल रहेकाले शेयरको मूल्य र बजार परिसूचकमा गिरावट आएको हो। २०६३ असार मसान्तलाई आधार मानी गणना गरिएको नेप्से सेन्सिटिभ सूचकाङ्क २०६८ असार मसान्तमा ८९.४४ रहेको छ। यो सूचकाङ्क २०६७ असार मसान्तमा ११६.१४ रहेको थियो। २०६५ भदौ ८ गतेको अन्तिम कारोवार मूल्यलाई आधार वजार मूल्यको रुपमा लिई गणना गरिएको NEPSE Float Index २०६७ असार मसान्तमा ४४.३० रहेकोमा २०६८ असार मसान्तमा ३०.६७ मा झरेको छ।




चार्ट १२ : २०६७/६८ को नेप्से सूचकाङ्क

५९. आर्थिक बर्ष २०६७/६८ मा बिभिन्न आर्थिक तथा गैर-आर्थिक कारणले धितोपत्र बजार कारोबारमा सुधार हुन सकेन। बजारका अधिकांश परिसूचकमा अघिल्लो वर्षको तुलनामा गिरावट आएको छ। फलस्वरुप आर्थिक वर्ष २०६७/६८ मा कारोबार रकममा ४३.५ प्रतिशतले कमी आई रू. ६ अर्व ६६ करोड बराबरको कारोबार भएको छ। अघिल्लो आर्थिक वर्षमा यो रकम रू.११ अर्व ७८ करोड रहेको थियो।

६०. २०६७ असार मसान्तमा रू. ३ खर्व ७६ अर्व ८७ करोड रहेको बजार पूँजीकरण २०६८ असार मसान्तमा रू. ३ खर्व २३ अर्व ४८ करोड रहेको छ। परिणामस्वरुप २०६८ असार मसान्तमा बजार पूँजीकरणको कुल


गार्हस्थ्य उत्पादनसँगको अनुपात २४.० प्रतिशत रहेको छ । २०६७ असार मसान्तमा यस्तो अनुपात ३२.२ प्रतिशत रहेको थियो । बजार पूँजीकरणमा बैंक तथा वित्तीय सँस्थाहरुको ७०.५ प्रतिशत, जलविद्युतको ४.७ प्रतिशत, उत्पादन तथा प्रशोधन क्षेत्रको ३.२ प्रतिशत, होटलको १.७ प्रतिशत, व्यापारिक सँस्थाहरुको ०.४ प्रतिशत र अन्यको १९.४ प्रतिशत अँश रहेको छ ।

**चार्ट १३: सुचीकृत कम्पनीहरुको वजार पुंजीकरणको अंश (२०६७/६८)**




६१. सूचीकृत कम्पनीहरुको चुक्ता पूँजीको वार्षिक वृद्धिदर २५.६ प्रतिशत रही २०६८ असार मसान्तमा रू. १ खर्ब २४ करोड पुगेको छ । नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा थप धितोपत्रहरु सूचीकृत भएका कारण चुक्ता पूँजीमा वृद्धि भएको हो । आर्थिक वर्ष २०६७/६८ मा ३१ वटा कम्पनीको रू. ८ अर्व ७९ करोड ६ लाख बरावरको साधारण शेयर, ५८ वटा कम्पनीको रू. ३ अर्व ९५ करोड ३८ लाख बराबरको बोनस शेयर र ४० वटा कम्पनीको रू. ८ अर्व ९५ करोड २७ लाख बराबरको हकप्रद शेयर सूचीकृत भएको छ । उक्त वृद्धि रकममध्ये सबैभन्दा ठूलो ४१.३ प्रतिशत हिस्सा हकप्रद शेयरको रहेको छ भने साधारण शेयरको ४०.५ प्रतिशत र बोनस शेयरको १८.२ प्रतिशत रहेको छ । अघिल्लो बर्षको चुक्ता पूँजीको वृद्धिमा साधारण शेयर, हकप्रद शेयर र बोनस शेयरको अंश क्रमशः ५२ प्रतिशत, २८ प्रतिशत र २० प्रतिशत रहेको थियो । यसैगरी आर्थिक वर्ष २०६७/६८ मा रू. ७ अर्ब ९९ करोड बराबरको सरकारी ऋणपत्र नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचीकृत भएको छ ।

**चार्ट १४ : सूचीकृत कम्पनीहरुको चुक्ता पूँजी संरचना (आर्थिक वर्ष २०६७/६८)**




६२. नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचीकृत भएका कम्पनीहरुको संख्या २०६७ असार मसान्तको १७६ बाट बढेर २०६८ असार मसान्तमा २०९ पुगेको छ । हाल सूचीकृत कम्पनीहरुमध्ये १७७ वटा वित्तीय संस्था ( बीमा कम्पनी समेत), १८ वटा उत्पादन र प्रशोधन उद्योग, ४ वटा होटल, ४ वटा व्यापारिक संस्था ४ वटा जल विद्युत कम्पनी र २ वटा अन्य समूहका रहेका छन् ।

## वित्तीय प्रणालीमा विस्तार

६३. आर्थिक वर्ष २०६७/६७८ मा नेपालको वित्तीय प्रणालीमा ४ वाणिज्य बैंक, ८ विकास बैंक र ३ लघुवित्त कारोवार गर्ने विकास बैंक गरी जम्मा १५ वटा बैंक तथा वित्तीय संस्थाहरु थप भएका छन् । समीक्षा वर्षमा लघुवित्तको कारोवार गर्न स्वीकृत प्राप्त गैर-सरकारी संस्थाहरुमध्ये ७ वटा गैर-सरकारी संस्थाहरु घटेका छन् । २०६८ असार मसान्तमा नेपाल राष्ट्र बैंकवाट ईजाजतपत्र प्राप्त वित्तीय संस्थाहरुको कुल संख्या २७२ कायम रहेको छ ।

**तालिका ३**
**बैंक तथा वित्तीय संस्थाहरुको संख्या**

| बैंक तथा वित्तीय संस्थाहरु | २०६७ असार मसान्त | २०६८ असार मसान्त |
|---|---|---|
| वाणिज्य बैंकहरु | २७ | ३१ |
| विकास बैंकहरु | ७९ | ८७ |
| वित्त कम्पनीहरु | ७९ | ७९ |
| लघुवित्त कारोवार गर्ने संस्थाहरु | १८ | २१ |
| नेपाल राष्ट्र बैंकबाट इजाजतप्राप्त सहकारी संस्थाहरु ( सीमित बैंकिङ्ग कारोबार गर्ने) | १६ | १६ |
| नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त गैर-सरकारी संस्थाहरु (लघुवित्त कारोवार गर्ने) | ४५ | ३८ |
| बीमा कम्पनीहरु | २५ | २५ |

६४. समीक्षा अवधिमा नयाँ बैंक तथा वित्तीय संस्थाहरुको स्थापनाका साथै वाणिज्य बैंक तथा बिकास बैंकका शाखा संख्यामा समेत उल्लेख्य विस्तार आएको छ । उदाहरणको लागि, २०६७ असार मसान्तमा ९६६ रहेको वाणिज्य बैंकहरुको शाखा संख्या १४५ ले वृद्धि भई २०६८ असार मसान्तमा ११११ पुगेको छ ।